गोविन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

मालारानी गाउँपालिका, अर्घाखाँची
गाउँ कार्यपालिकाको ८१औं बैठक

मिति: २०८३।०३।३१
समय: बिहान ८.०० बजे
बैठकका प्रस्तावहरु

१ ८०औं बैठकको समिक्षा सम्बन्धमा।
२ हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा।
३ अनुगमन प्रतिवेदन सम्बन्धमा।
४ आ.व.२०८२।०८३ मा सम्पन्न योजनाहरुको जाँचपास तथा फरफारक सम्बन्धमा
५ गाउँपालिकाबाट निर्माण गरिएका विभिन्न योजनाहरु सम्बन्धमा
६ मध्यमकालिन खर्च संरचना सम्बन्धमा।
७ विभिन्न विषयका प्रतिवेदनहरु सम्बन्धमा।
८ सङ्घीय र प्रदेश सरकारका विभिन्न निकायमा सिफारिस गर्ने योजनाहरु सम्बन्धमा।
९ कर्मचारीहरुको सेवासुविधा र म्याद थप सम्बन्धमा
१० गाउँपालिकाको सिमाना हेरफेर सम्बन्धमा।
११ अस्पतालको नामाकरण सम्म्बन्धमा।
१२ विपद् व्यवस्थानको लागि खरिद भएका त्रिपाल व्यवस्थापन सम्बन्धमा।
१३ विविध/ समसामयिक विषयहरु सम्बन्धमा।

बैठकका प्रस्ताव र निर्णयहरु

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ८० औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८३।०३।२१ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका सबै निर्णयहरु कार्यान्वयनको चरणमा रहेकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८२।०८३ का लागि गाउँसभाबाट विनियोजित रू ६३ करोड ४६ लाख ४१ हजार मध्ये हालसम्म आम्दानी रु. ६१,००,०८,७६४( ९६.११ प्रतिशत) आय भई चालु खर्च तर्फ रु. ४०,५९,७३,५३५( ८७.११ प्रतिशत) र पुँजीगत खर्च तर्फरु.१३,७१,९४,१७४(८१.६४ प्रतिशत)गरी जम्मा खर्च रु. ५४,३१,६७,७०९.४६ (८५.५८ प्रतिशत ) प्रगति हासिल एवं गाउँपालिकाको आन्तरिक राजश्व रु.७०,००,००० अनुमान गरिएकोमा रु.८४,९४,५११ सकलन भई १२१.३५ प्रतिशत प्रगति [illegible] भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | अनुगमन प्रतिवेदन सम्बन्धमा | गाउँपालिकाभित्र सन्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गरी सोको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको । | मिति २०८३ आषाढ महिनामा अनुगमन भएका योजना तथा कार्यक्रमहरुको संलग्न बमोजिमको एकिकृत अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भयो। प्रस्तुत अनुगमन प्रतिवेदन अनुमोदन गरी सो प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई क्रमश कार्यान्वयन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |

दल बहादु
अध्यक्ष

CS Scanned with CamScanner

| सि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | आ.व.२०८२।०८३ मा सम्पन्न योजनाहरूको जाँचपास तथा फरफारक सम्बन्धमा | सम्पन्न भएका योजनाहरूको गाउँ कार्यपालिका बैठकबाट जाँचपास तथा फरफारक गर्नुपर्ने प्रावधान भएको। | चालु आ.व. २०८२।०८३ मा यस गाउँपालिकाबाट कार्यान्वयन भई सम्पन्न भएका संलग्न फर्मा नं.को विवरण सहितका योजनाहरूको जाँचपास तथा फरफारक गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ५ | गाउँपालिकाबाट निर्माण गरिएका विभिन्न योजनाहरू सम्बन्धमा। | गाउँपालिकाबाट आ.व.२०८२।०८३ मा निर्माण भएका विभिन्न योजनाहरू गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभाबाट अनुमोदन हुनुपर्ने प्रावधान रहेको। | विभिन्न परामर्शदाताहरूको सहजिकरणमा यस गाउँपालिकाबाट चालु आ.व.२०८२।०८३ मा निर्माण भएका तपशिलका योजनाहरूलाई स्वीकृत गर्ने । उक्त योजनाहरू पारित गर्ने सम्बन्धिको प्रस्ताव सभाअध्यक्षज्यू मार्फत गाउँसभाको ११ औं अधिवेशनको मिति २०८३।०३।३१ गतेको बैठक संख्या ३ मा पेश गर्न स्वीकृत प्रदान गर्ने।<br>तपशिल:<br>१. मालारानी गाउँपालिकाको दोस्रो आवधिक योजना( आ.व.२०८३।०८४-२०८७।०८८)<br>२. मालारानी गाउँपालिकाको यातयात सडक गुरु योजना<br>३.मालारानी गाउँपालिकाको गाउँ शिक्षा योजना<br>४. मालारानी गाउँपालिकाको कृषि रणनीतिक योजना<br>५. मालारानी गाउँपालिकाको भु उपयोग तथा जग्गा वर्गीकरण योजना<br>६. दलित समुदायको रणनीतिक योजना | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | मध्यमकालिन खर्च संरचना सम्बन्धमा। | मध्यमकालिन खर्च संरचना( आ.व.२०८३।०८४- २०८५।०८६) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभाबाट अनुमोदन हुनुपर्ने प्रावधान भएको। | यस गाउँपालिकाको मध्यमकालिन खर्च संरचना ( आ.व.२०८३।०८४- २०८५।०८६ ) स्वीकृत गरी अनुमोदनको लागि गाउँसभा अध्यक्षज्यू मार्फत अनुमोदनको लागि गाउँसभामा पेश गर्न स्वीकृत प्रदान गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ७ | विभिन्न विषयका प्रतिवेदनहरु सम्बन्धमा | विभिन्न विषयका प्रतिवेदनहरु गाउँकार्यपालिका मार्फत गाउँसभामा पेश गर्नुपर्ने प्रावधान रहेको। | यस गाउँपालिका अन्तर्गतका सम्बन्धित समितिहरुबाट पेश भएका तपशिल बमोजिमका प्रतिवेदनहरुलाई अनुमोदन एवं स्वीकृत गरी जानकारी एवं अनुमोदनको लागि उक्त प्रतिवेदनहरु गाउँसभाको चालु अधिवेशनमा गाउँसभा अध्यक्षज्यू मार्फत पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने।<br>१. महालेखा परिक्षकको प्रतिवेदन आ.व.२०८१।०८२<br>२. लेखा समितिको बार्षिक प्रतिवेदन<br>३. विपद् व्यवस्थापन समितिको बार्षिक प्रतिवेदन | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | सङ्घीय र प्रदेश सरकारका विभिन्न निकायमा सिफारिस गर्ने योजनाहरु सम्बन्धमा। | यस गाउँपालिकाको स्रोत साधनले सम्बोधन हुन नसकेका योजनाहरु गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभाबाट पारित भएका योजनाहरु सङ्घीय र प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने प्रावधान रहेको। | यस गाउँपालिका अन्तर्गतका संलग्न बमोजिमका प्राथमिकता प्राप्त योजनाहरु सङ्घीय र प्रदेश सरकारका विभिन्न निकायमा सिफारिस गरी पठाउनको लागि स्वीकृत गर्ने र पारित गर्ने प्रयोजनको लागि गाउँसभा अध्यक्षज्यू मार्फत गाउँसभाको चालु अधिवेशनमा पेश गर्न स्वीकृती प्रदान गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

Scanned with CamScanner

| सि.नं. | विषय | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ९ | कर्मचारीहरुको सेवासुविधा र म्याद थप सम्बन्धमा | यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा एवं विद्यालयका शिक्षक र कर्मचारीहरुको सेवा सुविधा र म्याद थप सम्बन्धमा गाउँकार्यपालिकाबाट निर्णय गरी गाउँसभाबाट अनुमोदन गर्ने प्रावधान रहेको। | यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा नेपालसरकारका सो सरहका कर्मचारीहरुले पाउने तलब, भत्ता र सेवा सुविधा उपलब्ध गराउने र मालारानी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा समावेश भई गाउँ कार्यपालिकाबाट स्वीकृत हुने पदमा करार सेवा र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा र करार सम्झौताको म्याद थप आ.व.२०८३।०८४ को लागि गर्ने र अन्यको हकमा उक्त प्रतिवेदन स्वीकृत हुँदाका बखत सोही बमोजिम हुने गरी हाललाई करार सम्झौताको म्याद थप वा दैनिक ज्यालादारीमा काम काजमा लगाई निरन्तरता दिने साथै करार र दैनिक ज्यालादारीका कर्मचारीहरु एवं विद्यालयका शिक्षक र कर्मचारीहरुलाई संलग्न बमोजिम तलब भत्ता उपलब्ध गराउने सम्बन्धीको प्रस्ताव अनुमोदनको लागि सभाअध्यक्षज्यू मार्फत गाउँसभामा पेश गर्न स्वीकृत प्रदान गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १० | खनदह स्वास्थ्य चौकीको स्तरोन्नती भई १५ शैयाको आधारभुत अस्पतालको नामाकरण सम्बन्धमा | अस्पतालको नामाकरण गाउँ कार्यपालिबाट निर्णय गरी गाउँसभाबाट अनुमोदन हुनुपर्ने प्रावधान रहेको। | यस गाउँपालिका अन्तर्गत खनदह स्वास्थ्य चौकीको स्तरोन्नती गरी १५ शैयाको आधारभुत अस्पतालको भवन निर्माण भई सन्चालनको व्यवस्थापन भई सकेको अवस्थामा उक्त अस्पतालको नामाकरण " *मालारानी आधारभुत अस्पताल, खनदह अर्घाखाँची* " गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | विपद् व्यवस्थानको लागि खरिद भएका त्रिपाल व्यवस्थापन सम्बन्धमा। | विपद्का घटनालाई तत्काल व्यवस्थापन गर्न वडा कार्यालयबाट छिटो छरितो र मितव्ययी हुने भएकोले वडामा त्रिपाल पठाउन गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | वडा भित्रका विपद्का घटनाहरुलाई तत्काल व्यवस्थापन गर्नको लागि वितरण पश्चात प्रतिवेदन सहिका आवश्यक कागजातहरु गाउँपालिकामा पेश गर्ने शर्तमा तपशिलका वडाहरुलाई देहायको थान त्रिपाल तत्काल पठाउने। तपशिलः<br>वडा नं. १,२,७ र ८ मा १३/१३ थानका दरले ५२ थान ,वडा नं. वडा नं. ६ र ९ मा १५/१५ थानका दरले ३० थान र वडा नं. ३ ,४ र ५ मा २०/२० थानका दरले ६० गरी जम्मा १४२ थान | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १२ | गाउँपालिकाको सिमाना हेरफेर सम्बन्धमा। | भूमि व्यवस्था, सहकारी,सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं.५०५ मिति २०८३।०३।०५ को पत्र र जिल्ला समन्वय समिति अर्घाखाँचीको च.नं. २९० मिति २०८३।०३।२९ को पत्र र सो सम्बन्धीको मापदण्ड बारे गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना, हेरफेर स नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बैठकमा प्रस्तुत हुँदा ३ वटा वडा विभाजन गरी १२ वडा संख्या कायम गर्ने र सिमानाको हकमा यथावत राख्ने सुझाव प्राप्त भएकोले सोको जानकारी जिल्ला समन्वय समिति अर्घाखाँचीमा पठाउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १३ | विविध निर्णयहरुः- | | | |
| १३.१ | सडक मर्मत सम्भारको लागि लेन्थ वर्कर परिचालन गर्ने सम्बन्धमा। | स्तरोन्नती भएका सडकहरु बर्षायाममा मर्मत सम्भार गरी संरक्षण गर्नको लागि लेन्थवर्कर परिचालन गर्ने सम्बन्धी मिति २०८३।०३।२१ गतेको बैठकको निर्णयमा केही संशोधन गर्नुपर्ने भएकोले गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिकाबाट निर्माण गरिएका कालोपत्रे/ ग्राभेल सडकहरुलाई मनसुन अवधि भर मर्मत सम्भार( नाली सफा गर्ने, स साना पहिरोहरु हटाउने , सडकलाई अवरोध गर्ने घाँस तथा सामान्य रुखहरु हटाउने जस्ता कार्यहरु) गरी सडक संरक्षण गर्न लेन्थ वर्कर ( ज्यामीहरु) हरु परिचालनको लागि अन्य सडकको हकमा उल्लेखित मितिमा भएको निर्णय अनुसार नै हुने र खनदेउराली सीत( बाख्रा स्रोत केन्द्र समेत ) गुरौंसे कार्कीटोला मो.बा.मा २ जना २ महिनाको लागि दैनिक ज्यालादारीमा परिचालन गर्ने। साथै लेन्थ वर्करको रुपमा परिचालन हुने ज्यामीहरुको लागि आवश्यक पर्ने सामाग्रीहरु कोदालो, रेनकोट, र बुट उपलब्ध गराउने र मर्मत गरिने ५ वटा सडकको लागि १/१ थान बेल्चा १/१ थान होरेक र १/१ थान ठेलागाडी खरिद गरी कामदारहरुलाई उपलब्ध गराउने र कार्य अवधि समाप्त भए पछि कार्यालयमा फिर्ता गर्न लगाउने र उक्त सामाग्रीको खर्च व्यवस्थापन मर्मत सम्भार कोषबाट गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| [illegible] | सर्वोदय प्रा.वि. का प्रारम्भिक बालविकास सहजकर्ता पदस्थापन गर्ने सम्बन्धमा। | यस गाउँपालिकाको वडा नं. २ मा अवस्थित सर्वोदय बालविकास केन्द्रमा प्रारम्भिक बाल विकास सहजकर्ताको पद रिक्त रहेको अवस्थामा सहरामाई बालविकास केन्द्रमा विद्यार्थी संख्या शून्य भई सरस्वतिमाता माध्यमिक विद्यालयमा कामकाजको लागि पठाइएकोमा निज सहजकर्ता मिना कुँवरलाई सर्वोदय सर्वोदय बालविकास केन्द्रमा पदस्थापन गर्नको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | हाल सरस्वतिमाता माध्यमिक विद्यालय, मालारानी-२, ठोंगकोटमा कामकाज गरेका प्रारम्भिक बालविकास सहजकर्ता श्री मिना कुँवरलाई सर्वोदय बालविकास केन्द्र, मालारानी-२, साउनेपानीमा पदस्थापन गर्ने। | यस गाउँपालिकाको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

CS Scanned with CamScanner

आज मिति २०८३/०३/३१ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ८१ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | दीपा |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |
| १९ | ६ | श्री नुम बहादुर घर्ती मगर | का.वा. अध्यक्ष | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१. नेत्र प्रसाद खनाल
२. शिव प्रसाद अर्याल
३. पदम आचार्य
४. श्रीधर खनाल

Scanned with CamScanner